# मेचीनगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

इटाभट्टा, झापा,

कोशी प्रदेश, नेपाल

प.स. २०८२/०८३

च.न. ६६२८

**प्रस्ताव पेश गर्ने सम्बन्धमा सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८३/०२/११)

प्रस्तुत विषयमा मेचीनगर नगरपालिका नगर कार्यपालिकाको GESI Audit कार्यका लागि सेवा परामर्श सेवा खरिद गर्नु पर्ने भएकोले मेचीनगर नगरपालिकाको वेबसाइट www.mechinagarmun.gov.np मा रहेको Request for Proposal & Term of Reference अनुसार रहेको सर्तभित्र रही न्युनतम लागत विधि (LCBS) वमोजिम हुने गरी सिलबन्दी प्रस्ताव तपसिल बमोजिमको समय, मिति र स्थानमा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

प्रस्ताव बुझाउने अन्तिम मिति र समयः २०८३/०२/१९ गते दिनको १२ बजे सम्म।

प्रस्ताव खोल्ने मिति र समयः २०८३/०२/१९ गते दिनको २ बजे।

स्थानः मेचीनगर नगरपालिका, इटाभट्टा, झापा।

**आवश्यक कागजपत्रहरु :**

१) सम्बन्धित निकायमा संस्था दर्ता तथा अद्यावधिक नविकरण गरेको प्रमाण-पत्रको प्रतिलिपी।
२) स्थायी लेखा नं प्रमाण-पत्र (भ्याटमा दर्ता भएको) प्रमाण-पत्रको प्रतिलिपी ।
३) आ.व. २०८१/०८२ सम्मको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपी ।
४) संस्थामा भएको जनशक्तिको अवस्था र प्रशिक्षकको योग्यता प्रस्तावमा खुलाउनु पर्नेछ ।

मेचीनगर नगरपालिकाको आ.ब ०८२/०८३ को लागि मौजुदासुचीमा सुचिकृत भएको प्रमाण वा मेचीनगर नगरपालिकाको नेपाल बैंक लि. काकरभिट्टाको राजश्व शाखामा रु १००० (एक हजार) दस्तुर तिरेको सक्कली रसिद। (राजस्व खाता नं. १०६०३००००१००१००००१)

कार्यगत शर्त (TOR) मा उल्लेखित न्युनतम जनसक्ति सँग सम्बन्धित कागजपत्रहरु ।

जयन्ती खरेल
महिला विकास अधिकृत
(अधिकृत स्तर छैटौं)

फोनः ०२३-५६२०७७, ५६२२१२, ५६२२३३, ५६२४३७, दमकलः ०२३-५६२५०४
Website: www.mechinagarmun.gov.np, Email:mechinagarmun@gmail.com

CamScanner

नैचीनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटाभट्टा, झापा
कोशी प्रदेश, नेपाल

**लैंगिक समानता तया सामाजिक समावेशीकरण परीक्षण (GESI Audit) संचालन गर्ने सम्बन्धी कार्य शर्त विवरण**

१. **पृठभुमि**

स्थानीय सरकारको संस्थागत विकासका लागि स्थानीय तहका सरकारका जनप्रतिनिधि एवं कर्मचारीहरु सरकारलाई सुम्पिएको काम, कर्तव्य र अधिकार तथा आ-आफ्नो भूमिका र जिम्मेवारीमा पूर्ण रुपमा जानकार भई अघि बढ्नुपर्ने देखिन्छ । यसको मूल लक्ष्य स्थानीय सरकारलाई पूर्णरुपमा संचालित, दिगो, समावेशी एवम जवाफदेही बनाउनु रहेको छ । यसै सन्दर्भमा संविधानद्वारा परिकल्पना गरिएको समानता र समावेशितामा आधारित समाज निर्माण गर्न स्थानीयको प्रणाली, प्रक्रिया तथा संरचनालाई लैंगिक समानता तथा सामाजिक समवेशिकरणको दृष्टिकोणबाट संवेदनशील एवम उत्तरदायी बनाउन जरुरी देखिन्छ ।

२. **औचित्य**

नेपालको संविधानको प्रस्तावनामा नै लैंगिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्थाका लागि महिलाको हक सम्वन्धी धाराले समान वंशीय अधिकार सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार राज्यका सबै सरकारमा सहभागिता हुने अधिकार सम्पत्ति तथा पारिवारिक मामिला सम्वन्धी अधिकार शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ । संविधानत महिला विरुद्ध हुने हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुन्छ । समानताको हकले नागरिकहरु, सामाजिक र सांस्कृकित रुपले पछाडि परेका समुदाय समेतको संरक्षण, सशक्तिकरण वा विकासको लागि संविधानमा विशेष प्रावधानहरुको थप व्याख्या गरको छ । सामाजिक न्यायको हकले राज्यका हरेक सरकारहरुमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागीताको अधिकार स्थापना गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको काम, कर्तव्य र अधिकारमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धी व्यवस्था गरेको छ भने वडा समितिको काम, कर्तव्य र अधिकारमा तथ्यांक अद्यावधिक तथा खण्डीकृत तथ्यांक संकलन, विकास कार्य अन्तर्गत बालविवाह, बहुविवाह, लैंगिक हिंसा अन्त्य गर्ने आदिको व्यवस्था गरिएको छ । स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयमा महिला तथा पिछडिएको वर्गको सहभागिता सुनिश्चित गर्दै महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिदै लैससास प्रवर्द्धन गर्ने व्यवस्था गरिएको छ ।

संविधानद्वारा प्रदत्त हकहरुको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीका आधारमा राज्य संरचनाका सबै अङ्गहरूमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मजदूर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउने संवैधानिक व्यवस्था गरिएको परिप्रेक्ष्यमा सामाजिक विविधता बीचको असमानता, सामाजिक बञ्चितिकरणका कारण सामाजिक समूहको विकास सूचकहरूमा भएका कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई न्युन गर्न आवश्यक रहेको छ । स्थानीय सरकारद्वारा संचालन हुने नीति, योजना, बजेट, कार्यक्रम, सेवा प्रवाह र संरचनालाई लैससास संवेदनशिल, उत्तरदायी र मैत्री बनाउनका लागि र संवैधानिक एवम् कानूनी

जयन्ती खरेल
महिला विकास अधिकृत
(अधिकृत स्तर छैटौं)

प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

मेचीनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इँटाभट्टा, झापा
कोशी प्रदेश, नेपाल

प्रावधान तथा राज्यले अन्तर्राष्ट्िय तहमा व्यक्त गरेको प्रतिबद्धता अनुसार कार्य गर्न एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार स्थानीय तहमा लैगिक तथा सामाजिक समावेशी विकासलाई प्रवर्द्धनका लागि लै.स.सा.स. परिक्षण गर्ने उदेश्यले यो आर्थिक प्रस्ताव सहितको कार्यशर्त सहित प्रस्ताव तयार गरिएको छ ।

३. **उद्देश्यहरु**

यस क्रियाकलापको मूख्य उद्देश्य लैससास मूलप्रवाहीकरणका लागि मेचीनगर नगरपालिकाले लिएका नीति, कार्यक्रम, बजेट, आयोजना, काम गर्ने वातावरण, कार्य संस्कृतिको संस्थागत अवस्था परिक्षण गरी लैससासलाई संस्थागत रुपमा सबल र सक्षमा बनाउन सहयोग पुर्याउनु हो। यस क्रियाकलापको विशिष्ट उद्देश्यहरु निम्न लिखित छन ।

मेचीनगर नगरपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहीकरण भए नभएको तथा लैससास आन्तरिकरणका लागि गरिएका प्रयास र प्रतिवद्धताको मूल्याँकन गर्ने ।

लैंगिक समानता तथा सामाजिक समावेशीकरणको लक्ष्यलाई मेचीनगर नगरपालिकाको संरचना, नीति, रणनिति र कार्ययोजनाहरुमा विशेष प्राथमिकताका साथ स्थान दिने र आवश्यक आर्थिक तथा मानविय श्रोतको सुनिश्चित गर्ने

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको आधारमा समस्या तथा चुनौतीहरूको पहिचान गरी सो समाधान सम्बोधनका लागि पृष्ठपोषाण दिने र-कार्ययोजना तर्जुमा गर्न सहजिकरण गर्ने ।

४. **कार्यविधि**

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, १६ औं राष्ट्रिय योजना, दीगो विकासका लक्षहरु, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमा भएका विभिन्न व्यवस्थाहरुलाई मध्यनजर गर्दै लैङ्गिक समानता सामाजिक समावेशिकरण परीक्षण दिग्दर्शन, २०७८ को आधारमा मेचीनगर नगरपालिकाको लैंगिक समानता तथा समाजिक समावेशीकरण परीक्षण गरिनेछ । सुचक र उपसुचक अनुसार अंकभार दिने बेला योजना तर्जुमा देखि कार्यान्वयन, अनुगमन तथा मूल्याङ्न र प्रभाव सम्मको विश्लेषण गरिनेछ । उक्त छलफलमा विशेषत महिला र बन्चितिकरणमा परेका समुहहरुको भावना प्रतिनिधित्व हुने गरी अंक भार प्रदान गरिनेछ

५. **श्रोतव्यक्ति टोलीहरूको भुमिका तथा जिम्मेवारी**

क) मेचीनगर नगरपालिकाको लै.स.सा.स परिक्षणका लागि परामर्शदाता संस्थाले मेचीनगर नगरपालिकासँग समन्वय गरी लैससास परीक्षणको लागि मिति, स्थान र सहभागी तोक्ने ।

ख) लैससास परीक्षण कार्यशालाको आयोजना र सहजिकरण गर्ने । नगर कार्यपालिकाका सदस्य -२५ तथा प्र.प्र.अ., शाखा/उपशाखा प्रमुख २० कर्मचारीहरू समेत गरी ४५ जना सहभागी गराइने छ । (कार्यशालाको सहभागीहरुको विवरण अनुसूची १ मा र कार्यकमको विषयवस्तु/तालिका अनुसूची २ मा संलग्न गरिएको छ ।

ग) शुशासन तथा क्षमता विकास समितिको संयोजकत्वमा कर्मचारी र सरोकारवाला समेत रहेको ३ देखि ५ सदस्यीय कार्यदल बनाउने । यस्तो कार्यदलमा कम्तिमा एक जना महिला र सम्भव भएसम्म दलित/अन्य लक्षित समूहहरुको समेत प्रतिनिधित्व हुने व्यवस्था गरिनेछ ।

जयन्ती खरेल
महिला विकास अधिकृत
(अधिकृत स्तर छैटौं)

[illegible] प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

मेचीनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इंटाभट्टा, झापा
कोशी प्रदेश, नेपाल

घ) कार्यदलसँग सहकार्य गरी नगरपालिकाका दस्तावेजहरु (जस्तै फार्यविधि, रणनिति, बार्षिक योजना, आवधिक योजना, बार्षिक प्रतिवेदन, चौमासिक बार्षिक समिक्षाको प्रतिवेदन, विकास बुलेटिन, प्रोफाईल, विभिन्न समयमा भएका निर्णयहरु, आदिको लैससास दृष्टिकोणले विश्लेशण र पुनरावलोकन गर्ने ।

ङ) स्थानीय सरकार संचालन ऐन २०७४, १५ औं राष्ट्रिय योजना, दीगो विकासका लक्ष्यहरू, संघको सैससास स्थानीयकरण रणनीति २०७५, लैससास परीक्षण सम्बन्धी दिग्दर्शन, २०७८, नगरपालिकाका कानून, नीति नियम र योजना तथा कार्यक्रमको समीक्षा गर्ने ।

च) नगरपालिकाका पदाधिकारीहरु कर्मचारीहरुको सहभागितामा प्रत्येक विषय (नीति, कानुन तथा योजना, संस्थागत व्यवस्था, मानव संसाधन तथा क्षमता विकास, सेवा प्रवाह, सुशासन तथा उत्तरदायित्व) क्षेत्रका सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतिका बारेमा सामुहिक छलफल गर्ने ।

छ) लैससास परिक्षण गर्दा नगरपालिकाले गत आवमा सम्पन्न गरेको कार्यक्रमको परीक्षण गर्नुपर्ने छ ।

ज) स्थानीय तह लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन, २०७८ को लेखाजोखाको ढाँचामा उल्लेख भएका मूल विषय, सहायक विषय र सूचकहरुको आधारमा छलफल गरी अंक दिन सहजीकरण गर्ने ।

झ) प्रत्येक सूचकमा पाएको अंकको आधारमा मेचीनगर नगरपालिकाको बर्तमान अवस्था माकुरे जालोमा चित्रण गर्ने र सहभागीहरु माझ राखे । सो चित्रले देखिएका राम्रा पक्षहरुलाई निरन्तरता दिंदै कमजोर पक्षहरुलाई सुधार गर्न आवश्यक कार्ययोजना निर्माण गर्न सहजीकरण गर्ने ।

ञ) स्थानीय तह लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन, २०७८ मा उल्लेख भएको प्रगति प्रतिवेदनको ढाँचामा प्रतिवेदन तयार गरी नगरपालिकामा पेश गर्ने ।

ट) नगरपालिकाले उपलब्ध गराएको ढाँचामा कार्यसम्पादन प्रतिवेदन तयार गरी सम्पूर्ण बिल भर्पाई सहित केन्द्रमा पेश गरि भुक्तानी लिने ।

**७. लैससास परीक्षणका लागि विज्ञ सहजकर्ता टोलीको सम्लग्नता र समयावधि निम्नानुसार हुनेछः**

| क्रियाकलाप | सम्लग्न कार्यदिन |
|---|---|
| नगरपालिकासँग समन्वय तथा सन्दर्भ सामाग्री अध्ययन, विश्लेषण | ३ |
| लैससास परीक्षण अभिमुखिकरण तथा कार्याशाला सहजिकरण | २ |
| लैससास परीक्षण प्रतिवेदन लेखन | २ |
| जम्मा कार्य दिन | ७ |

**८. लैससास मूलप्रवाहीकरण अभिमुखिकरण कार्यक्रमका सहभागीहरू**

| क्र.सं. | सहभागीहरू | सहभागी संख्या | कैफियत |
|---|---|---|---|
| १ | नगरपालिका प्रमुख तथा उपप्रमुख | २ | |
| २ | प्रमुख प्रशासकीय अधिकृत | १ | |
| ३ | नगरपालिका वडा अध्यक्षहरू सबै | १५ | |
| ५ | नगर कार्यपालिकाका महिला सदस्यहरु | ५ | |
| ६ | नगरपालिका अन्य कार्यपालिका सदस्यहरु | ३ | |
| ७ | नगरपालिका विभिन्न शाखा/उप शाखाका प्रमुखहरू | १९ | |
| | जम्मा | ४५ | |

जयन्ती खरेल
महिला विकास अधिकृत
(अधिकृत स्तर छैटौं)

आशिष प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

मैचीनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय ईटाभट्टा, झापा कोशी प्रदेश, नेपाल

९. लैससास परीक्षण कार्यशालाको विषयवस्तु तथा तालिका

| क्रियाकलाप | कैफियत |
|---|---|
| लैससास मूलप्रवाहीकरण र स्थानीय तहमा लैससास परीक्षणबारे अवधारणा र लैससास परीक्षणका गर्नुको औचित्य | |
| लैससास परीक्षण विधि, प्रक्रिया र सूचक माथि छलफल | |
| लैससास परीक्षणका मुख्य सूचक तथा सहायक सूचकमाथि समूहगत छलफल तथा अंक प्रदान | |
| माकुरे जालो र वार चार्ट मार्फत नतिजा प्रस्तुतिकरण | |
| सक्षेपीकरण र पृष्ठपोषण संकलन | |
| अघिल्लो दिनको पुनरावलोकन | |
| पालिकाको लैससासका हिसावले SWOT Analysis सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती विश्लेषण | |
| लैससास मूलप्रवाहीकरण कार्ययोजना प्रस्तुतिकरण | |
| सङ्क्षेपीकरण तथा समापन | |

जयन्ती खरेल
महिला विकास अधिकृत
(अधिकृत स्तर छैटौं)

अग्नि प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत